नेपाल सरकार

वन तथा वातावरण मन्त्रालय

# रेड कार्यान्वयन केन्द्र

बवरमहल

**सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३)तथा सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ वमोजिम सार्वजनिक गरिएको रेड कार्यान्वयन केन्द्रसंग सम्बन्धित सूचनाहरुको प्रकाशन**

*सूचना सार्वजनिक गरेको अवधिः- २०७६/०८/०१-२०७६/११/३०*

# बिषयसूची

**१.केन्द्रको स्वरुप र प्रकृति** **1**

*१.१ रेड कार्यान्वयन केन्द्रको संगठनात्मक संरचना* *1*

*१.२ केन्द्रमा रहने कर्मचारी संख्या र कार्य विवरण* *1*

१.२.१ रेड कार्यान्वयन केन्द्रको कार्य विवरण: 3

१.२.२ जलबायु व्यवस्थापन शाखा 3

१.२.३ बजेट तथा कार्यक्रम शाखा 3

१.२.४ दुर सम्वेदन तथा भू-सूचना प्रणाली शाखा 4

१.२.५ आर्थिक प्रशासन शाखा 4

**२. केन्द्रबाट प्रदान गरिने सेवा** **5**

**३. सम्पादन गरेको कामको विवरण** **5**

*३.१ समग्र प्रगति* *5*

*३.२ चौमासिक प्रगति ( आर्थिक वर्ष २०७६।७७को दोश्रो चौमासिक )* *6*

१ सूचना अधिकारी र प्रमुखको नाम **7**

२ केन्द्रको बजेट सम्बन्धी विवरण **7**

७ रेड कार्यान्वयन दोश्रो चौमासिक केन्द्रको खर्च सम्बन्धी विवरण रु हजारमा **7**

तालिका नं १: दोस्रो चौमासिक अवधिको खर्च **7**

८ रेड कार्यान्वयन केन्द्रको सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण **7**

# सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) तथा नियमावलीको नियम ३ वमोजिम सार्वजनिक गरिएको विवरण

**सूचना सार्वजनिक गर्ने निकायको नामः- रेड कार्यान्वयन केन्द्र, बबरमहल, काठमाडौ ।**

## १.केन्द्रको स्वरुप र प्रकृति

नेपालमा रेडको प्रभावकारी रुपमा तयारी र नतिजामुलक कार्यान्वयनको लागि वन तथा वातावरण मन्त्रालय मार्फत छुट्टै संरचना निमार्ण गरिएको छ (चित्र नं. १)। रेडसंग सम्बन्धित बहुसरोकारवालाहरुलाई निर्णय प्रकृयामा समावेश गराउनुको लागि उच्च तहमा वन तथा वातावरण मन्त्रालयको माननीय वन तथा वातावरण मन्त्रीज्यूको अध्यक्षतामा विभिन्न मन्त्रालयका प्रतिनिधिहरु सदस्य रहने गरी एक बहुपक्षीय, बहुसरोकारवाला, उच्चस्तरीय **राष्ट्रिय रेडप्लस निर्देशक समिति** रहेको छ । यस संरचनाको मुख्य उद्देश्यहरु रेड कार्यक्रम कार्यान्वयन गर्नका लागि नीति तथा कार्यक्रमहरुका बीच सामञ्जस्यता कायम गर्न आवश्यक वित्त एवंम् अन्तर मन्त्रालय समन्वय र सहकार्य जुटाउन सहयोग गर्ने रहेको छ ।

दोस्रो तहमा वन तथा वातावरण मन्त्रालयको सचिवज्यूको अध्यक्षतामा **राष्ट्रिय रेडप्लस समन्वय समिति** रहेको छ । यस समितिमा नेपाल सरकारको तर्फबाट १२ जना, विकास साझेदारको तर्फबाट १ जना नागरिक समाजको तर्फबाट कम्तीमा ३ जना महिला सहित बढीमा ९ जना गरी जम्मा २१ जना सदस्यहरु रहेका छन् ।यस समितिको मुख्य उद्देश्य रेड कार्यान्वयनको लागि कार्यक्रम तर्जुमा र कार्यान्वयनको लागि राष्ट्रिय रेडप्लस रणनीति बमोजिम एकिकृत गर्न मद्दत गर्ने, रेडप्लस कार्यक्रमको अनुगमन गर्ने र यसको रचनात्मक उपाय निकाल्ने रहेको छ ।


### १.१ रेड कार्यान्वयन केन्द्रको संगठनात्मक संरचना

रेड प्लसको दैनिक प्रशासनिक कार्यहरु सञ्चालन गर्नका लागि वन तथा वातावरण मन्त्रालय अन्तर्गत रेड कार्यान्वयन केन्द्रको स्थापना गरिएको छ । हाल यस केन्द्रले **राष्ट्रिय रेडप्लस केन्द्र**को रुपमा काम गरिराखेको छ ।यस केन्द्रमा बजेट तथा कार्यक्रम शाखा, जलवायु व्यवस्थापन शाखा, दुर संवेदन तथा भू-सूचना प्रणाली शाखा र आर्थिक तथा प्रशासन शाखा रहेका छन् । यस केन्द्रमा १३ कर्मचारीहरुको दरवन्दी रहेको छ।नेपालमा रेडको प्रभावकारी रुपमा तयारी र नतिजामूलक कार्यान्वयनको जिम्मेवारी रेड कार्यान्वयन केन्द्रको रहेको छ ।

### १.२ केन्द्रमा रहने कर्मचारी संख्या र कार्य विवरण

यस रेड कार्यान्वयन केन्द्र तथा शाखाहरुको कार्य विवरणहरु देहाय अनुसार रहेका छन् ।

१. बजेट तथा कार्यक्रम शाखा,
२. जलवायु व्यवस्थापन शाखा,
३. दुर संवेदन तथा भू-सूचना प्रणाली शाखा र
४. आर्थिक तथा प्रशासन शाखा




**चित्र नं १: रेड कार्यान्वनय केन्द्रको कार्य सम्बन्धित संरचना**

### १.२.१ रेड कार्यान्वयन केन्द्रको कार्य विवरण:

- रेडप्लसको नतिजामूलक भुक्तानी प्राप्तिका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कोषहरु पहिचान गरी पहुँच पुर्‍याउने ।
- रेडप्लस सम्बन्धी नीति निर्माण र निर्णयका लागि विभिन्न क्षेत्र र सरोकारवालाहरुसँग समन्वय गर्ने ।
- वन क्षेत्रबाट हुने हरितगृह ग्याँस उत्सर्जनको विषयलाई नियमन गर्न समन्वय गर्ने ।
- रेडप्लसबाट प्राप्त लाभको बाँडफाँटका लागि समन्वय गर्ने ।
- रेडप्लसमा सुरक्षा कवच (सेफगार्ड) को कार्यान्वयन र अनुगमनमा समन्वय गर्ने ।
- राष्ट्रिय वन सूचना प्रणालीको स्थापना र सञ्चालन गर्ने ।
- राष्ट्रिय रेडप्लस रणनीति र उत्सर्जन न्यूनीकरण कार्यक्रम कार्यान्वयनका लागि समन्वय गर्ने ।
- रेडप्लस सम्बन्धी अध्ययन अनुसन्धान तथा प्रकाशन र प्रचार प्रसार गर्ने ।
- वन कार्वनको दर्ता, राष्ट्रिय वन अनुगमन प्रणालीको स्थापना र कार्वन मापन,प्रतिवेदन तयारी र प्रमाणीकरणको लागि वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रसँग समन्वय गर्ने ।
- उत्सर्जन न्यूनीकरण कार्यक्रम अनुसार निजी वनलाई प्रोत्साहन गर्नका लागि निजी वन धनीहरुसँग सम्झौता गर्ने व्यवस्थाहरुको विकास गर्ने ।

### १.२.२ जलबायु व्यवस्थापन शाखा

- जलबायु परिवर्तन समानुकुलन सम्बन्धि आयोजनाको सोधपत्रहरु तयार गर्ने ।
- पारिस्थितिक तथा समुदायमा आधारित समानुकुलन सम्बन्धि कार्यक्रम बारे सोचपत्र तयार गर्न ।
- वनमा आधारित समानुकुलन कार्यक्रमको सम्पर्क अधिकृतको रुपमा रही समन्वय गर्ने ।
- नमूना परिक्षणका रुपमा कार्यान्वयन भइरहेको समानुकुलन कार्यक्रमहरुको विवरण अद्यावधिक गरी प्रतिवेदन तयार गर्ने ।
- तोकिएको अन्य कार्यहरु गर्ने ।

### १.२.३ बजेट तथा कार्यक्रम शाखा

- रेड कार्यान्वयनको लागि आवश्यक पर्ने नीति तथा रणनीतिको कार्यक्रम तर्जुमा गर्ने ।
- दीर्घकालीन, अल्पकालिन र आवधिक योजना तथा कार्यक्रमहरु तर्जुमा गर्न समन्वय गर्ने ।
- बैठक, सभा, सम्मेलन, अध्ययन भ्रमण आदि बारे कार्यक्रम स्वीकृत गराइ कार्यान्वयन गर्न समन्वय गर्ने ।
- कार्यक्रम/आयोजनाको चौमासिक तथा वार्षिक प्रगती प्रतिवेदन तयार गरी प्रमुख समक्ष पेश गर्ने ।
- दातृ निकायलाइ पठाउनु पर्ने प्रगती विवरणहरु समयमै तयार गर्ने ।
  प्रमुखबाट स्वीकृत प्राप्त भए पश्चात शाखाबाट सम्वन्धित निकायमा पठाउने ।
- Measuring Reporting and Verification MRV (मापन, प्रतिवेदन तथा प्रमाणिकरण), Emissions Reductions Program Idea Note ER-PIN (उत्सर्जन न्युनिकरण कार्यक्रम अवधारणापत्र ) र Readiness-Package (तयारी प्यकेज) तयार गर्ने कार्यमा यस एकाइबाट सहयोग निकायसँग समन्वय गर्ने E-PP कार्यान्वयनको चरणमा गर्ने पर्ने प्रचार प्रसार एवम् क्षमता अभिबृद्धि कार्यक्रमको लागि आवश्यक पर्ने मार्गचित्र तयार गर्ने ।
- Measuring Reporting and Verification MRV (मापन, प्रतिवेदन तथा प्रमाणिकरण) नमूना परिक्षणबाट प्राप्त भएका सिकाइ र अभ्यासहरुको जानकारी/विवरण सङ्कलन गरी मस्यौदा तयार गर्ने ।
- रेड नमूना परिक्षण सम्बन्धि विवरण अध्यावधिक गरी वेभ साइट (Website) मा प्रविष्ट गर्न सहयोग गर्ने ।

- रेड सम्बन्धि प्रचार प्रसार सामाग्रीहरु तयारी तथा उत्पादन गर्न मस्यौदा सहित तयार गर्न समन्वय गर्ने ।
- यस एकाइको Outreach Plan तयार गरि सोको कार्यान्वयन गर्न आवश्यक पर्ने स्रोत र कार्यान्वयनको रुपरेखा तयार गरि पेश गर्ने ।
- राष्ट्रिय रेडप्लस केन्द्र र बहु सरोकारवालाहरुको बैठक/गोष्ठीको लागि आवश्यक कार्यहरु तयार गर्ने।
- तोकिएको अन्य कार्यहरु समेत गर्ने ।

### १.२.४ दुर सम्वेदन तथा भू-सूचना प्रणाली शाखा

- यस शाखाबाट Measuring Reporting and Verification MRV (मापन, प्रतिवेदन तथा प्रमाणिकरण) सँग सम्बन्धित अध्ययन कार्य गर्ने सेवा प्रदायकलाई सहजिकरण गर्ने एवम् विषयगत प्राविधिक समितिमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने ।
- रेड कार्यान्वयनको लागि आवश्यक पर्ने कार्वन मापन, अनुगमन प्रतिवेदन प्रमाणिकरणसँग सम्बन्धित विषय बस्तुमा गरिने अध्ययन अनुसन्धान कार्यमा सक्रिय रुपमा सहभागी भइ अभिलेख अद्यावधिक गर्ने ।
- कार्वन मापन र आकलन गर्ने सम्बन्धि सञ्चालित नमूना कार्यलाइ राष्ट्रिय रेडप्लस केन्द्रको तर्फबाट समन्वय र सहजिकरण गर्ने ।
- यस शाखासँग सम्बन्धित अध्ययन कार्यमा सलग्न सेवा प्रदायकसँग फोकल व्यक्तिको रुपमा रही प्रक्रिया र विधिबारे पूर्ण जानकारी राख्ने ।
- आफ्नो शाखाबाट सम्पादित कार्यको मासिक, चौमासिक र वार्षिक प्रगती प्रतिवेदन तयार गरी एकाइ प्रमुख समक्ष पेश गर्ने ।
- वन मापन र अनुगमन प्रतिवेदन तयार सम्बन्धि नविनतम प्राबिधिक ज्ञानबारे अध्ययन/अनुसन्धान गरी सहकर्मी वीच आदान प्रदान गर्ने ।
- यस शाखाको कार्यसँग सम्बन्धित विषयमा तालिम, गोष्ठी, सेमिनार सञ्चालनको लागि कार्यक्रम तयार गर्ने र कार्यान्वयन गर्ने ।
- तोकिएको अन्य कार्यहरु समेत गर्ने ।

### १.२.५ आर्थिक प्रशासन शाखा

- आयोजना लेखा तयार गर्ने ।
- समयमै सोधभर्ना माग गर्ने ।
- आर्थिक प्रशासन सम्बन्धि कार्य गर्ने ।
- लेखापरीक्षण गराउने ।
- बेरुजुको लगत राखि फछ्यौंट गर्ने, गराउने तथा सम्परीक्षण गराउने ।
- आवधिक प्रतिवेदन तालुक निकायमा पठाउने ।
- तोकिए बमोजिम अन्य कार्यहरु गर्ने ।

## २. केन्द्रबाट प्रदान गरिने सेवा

यस केन्द्रबाट निम्न सेवाहरु प्रदान गरिन्छ ।

- कार्वन सञ्चितिबाट रेडको अवधारणा अनुसार विश्व व्यपारमा संलग्न हुन आवश्यक नीति तथा कार्यक्रम तर्जुमा भएका दस्तावेजहरु उपलब्ध गराउने तथा सुझावहरु उपलब्ध गराउने तथा सोही बमोजिम व्यापारको लागि आबश्यक तयारीका लागि कार्य गर्ने ।
- रेड कार्यान्वयनको तयारीको लागि विभिन्न सरोकारवाला निकायहरुसंग समन्वय गर्ने ।
- रेड कार्यान्वयनको तयारीको लागि विभिन्न सरोकारवालाहरुको क्षमता अभिवृद्धि गर्ने कार्यमा उपलब्ध स्रोत अनुरुप सहयोग गर्ने ।
- माथि उल्लेखित कार्य विवरण अनुरुप कार्यहरु गरी सेवा प्रदान गर्ने ।

## ३. सम्पादन गरेको कामको विवरण

सम्पादन गरेको कार्यहरुलाइ समग्र र चौमासिक अनुसार प्रस्तुत गरिएको छ ।

### ३.१ समग्र प्रगति

यस केन्द्रको कार्यहरुलाइ समग्रमा प्रस्तुति गर्दा सान्दर्भिक हुने महसुस गरेर प्रस्तुति गरिएको छ ।

- नेपालको राष्ट्रिय वन आधार तह (National Reference Level) संयुक्त राष्ट्र संघको जलवायु परिवर्तन सम्बन्धि अभिसन्धिको रेड प्लेटफर्ममा प्रकाशित भएको ।
- वन लगानी योजना (Forest Investment Plan) तयार गरी विश्व वैंकको जलबायु लगानी कोषमा पेश गरेकोमा बि.स. २०७४ मंसिर २६ देखी २७ मा विश्व वैंकको प्रधान कार्यालय वाशिङ्टन डि.सी.मा बसेको जलबायु लगानी कोषको वैठकले उक्त लगानी योजना स्विकृत गरेको थियो ।यसै अनुरुप आयोजना दस्तावेजको तयारीको कार्य भैरहेको ।
- राष्ट्रिय रेडप्लस रणनीती (National REDD+ Strategy) (मा. मन्त्रीस्तरको मिति २०७५।०१।०६ को निर्णयअनुसार) स्वीकृत भएको ।
- तराई भूपरिधि क्षेत्रका १३ जिल्लाका लागि कार्वन उत्सर्जन न्यूनीकरण दस्तावेज (Emission Reduction Program Document-ERPD) कार्वन कोषको पोर्टफोलियो मा समाबिष्ट गरिएको । रेड कार्यान्वयन केन्द्रबाट सञ्चालन गरिने कार्यहरु वार्षिक १३ जिल्लाहरुमा प्राथमिकतासाथ सञ्चालन भैरहेको ।
- उत्सर्जन न्युनिकरण कार्यक्रमको वातावरणीय र सामाजिक व्यवस्थापन खाका तयारी भएको ।
- ERPD District का लागि Advanced Draft Benefits Sharing Plan तयार गरि Review का लागि World Bank मा पेश गरेकोमा समिक्षा भइरहेको ।

- रेडप्लस कार्यक्रम अन्तरगत तराईका १३ जिल्लाहरुमा कार्यान्वयन भैरहेको Emission Reduction Program (ERP) बाट कार्वन संचिति बापत प्राप्त हुने भुक्तानी प्रणालि Emissions Reduction Payment Agreement (ERPA) को लागि तयारी कार्य भैरहेको ।

## ३.२ चौमासिक प्रगति ( आर्थिक वर्ष २०७६।७७को दोश्रो चौमासिक )

- वन लगानी योजना (Forest Investment Plan) अन्तरगत समृद्धिको लागि वन आयोजना (Nepal Forestry for Prosperity Project FFPP) को आयोजना दस्तावेज तयारी चरणमा Project Appraisal Document तयार गरी विश्व वैंकमा पेश गरिएको ।
- समृद्धिको लागि वन आयोजना दस्तावेज तयारी चरणमा नै निम्न बमोजिम दस्तावेजहरु तयार गरी यस केन्द्रको वेभसाइट www.redd.gov.np मा सार्वजनिकरण गरीएको छ ।
  - Environmental and Social Commitment Plan (ESCP)
  - Environmental and Social Management Framework (ESMF)
  - Sectoral Engagement Plan (SEP)
- कार्वन संचिति बापत प्राप्त हुने भुक्तानी प्रणालि Emissions Reduction Payment Agreement (ERPA) को लागि नेपाल सरकारको तर्फबाट हुनु पर्ने तयारीको लाग लाभांस वितरण योजना (Benefit sharing plan), Safeguard Audit आदीको कार्य भैरहेको ।
- यस केन्द्रको मुख्य कार्यहरुको प्रगति निम्न बमोजिम रहेको छ ।
  - आधार तथ्याङ्क तयार गर्न नमूना वन मापनको कार्य अगाडी बढीरहेको । हाल २ प्रजाति कटुस र चिलाउनेको बायोमास तथा आयतन तालिका तयार गर्न तयारी कार्य बढाइएको ।
  - बैज्ञानिक वन व्यवस्थापन योजना २५ वटा तयारी भैरहेको ।
  - नगरपालिका तथा गाँउपालिकाहरुको भूउपयोग योजना तयारी ४० वटाको लागि सेवाप्रदायकसँग सम्झौता भइ कार्य भैरहेको तथा २० वटाको लागी सम्झौताको चरणमा रहेको ।
  - सामुदायिक वनहरुको वन कार्ययोजनाहरु ५०० वटा तयारीको लाग डिभिजन वन कार्यालयहरुसँग समन्वय गरी कार्य भैरहेको ।
  - विभिन्न अध्ययनहरु जस्तै वन डढेलोबाट हुने कार्वन उत्सर्जन, अवैध रुखहरुको कटानबाट हुने कार्वन उत्सर्जन, तथा चरिचरणबाट हुने कार्वन उत्सर्जनका कार्यहरु भैरहेको ।
- वन क्षेत्रमा लैङ्गिक समावेसिकरण विषयक राष्ट्रिय गोष्ठी २०७६ साल फाल्गुण १७ देखी १९ गतेसम्म ललितपुरको गोदावरीमा १७५ जना भन्दा बढीको सहभागितामा सम्पन्न भएको ।
- रेडसँग सम्बन्धित निकायहरुको लैङ्गिक अवधारणाको क्षमता अभिवृद्धि कार्यक्रमहरु भैरहेको ।
- रेड फोकल पर्सन तथा सरोकारवालाहरुको लागि प्राविधिक क्षमता अभिवृद्धि कार्यक्रमको लागि ७ वटै प्रदेशका प्रदेश वन निर्देशनालयमार्फत कार्यहरु भैरहेको ।

## १ सूचना अधिकारी र प्रमुखको नाम

- केन्द्र प्रमुखः डा. बुद्धिसागर पौडेल, सह सचिव (प्रा.)
- सूचना अधिकारीः पशुपति नाथ कोइराला, उप-सचिव (प्रा.), बजेट तथा कार्यक्रम शाखा
  email: koiralapn@gmail.com
  फोनः ०१ ४२३९१२६

## २ केन्द्रको बजेट सम्बन्धी विवरण

रेड कार्यान्वयन केन्द्रको आ. व. २०७६/०७७ को ब.उ.शि.न.३२९००१०२३ को चालु खर्च तर्फ विनियोजित कुल बजेट ४६,९१,००,०००।- र ब.उ.शि.न. ३२,९०,०१,०२४।– को पूँजिगत खर्च तर्फ विनियोजित कुल बजेट १,४०,००,०००।- रहेको छ । जस मध्ये नेपाल सरकारको रु.९८,००,०००।– वैदेशिक अनुदान रु ४७,३३,००,०००।– रहेको छ ।

कुल रकम मध्ये खर्च नहुने रकमहरु व्यवस्थापनको लागि संशोधन गर्न प्रक्रिया अगाडी बढेको छ ।

## ७ रेड कार्यान्वयन दोश्रो चौमासिक केन्द्रको खर्च सम्बन्धी विवरण रु हजारमा

**तालिका नं १: दोस्रो चौमासिक अवधिको खर्च**

| कार्यक्रम/आयोजना | वार्षिक | | | | दोश्रो चौमासिक | | | | वितिय प्रगति | भौतिक प्रगति |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | विनियोजन | | खर्च | | विनियोजन | | खर्च | | | |
| | चालु | पूँजीगत | चालु | पूँजीगत | चालु | पूँजीगत | चालु | पूँजीगत | | |
| रेड फरेस्ट्री तथा जलबायु परिवर्तन कार्यक्रम | ४६९१ | १४० | ४०२.१७ | ३.१० | १८७८.२८ | ११३.९६ | ३३०.८९ | १.११ | ८.४० | ४०.० |

## ८ रेड कार्यान्वयन केन्द्रको सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण

यस केन्द्रका सूचनाहरु समय समयमा केन्द्रको website http://redd.gov.np/ मा राख्ने गरिएको तथा विभिन्न पुस्तक, पोस्टर, ब्रोसरका रुपमा प्रकाशित गर्ने गरिएको छ।